नेपाल सरकार

फोन: [illegible]

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

पो.ब.नं.४०३

लाजिम्पाट, काठमाडौं

पत्र संख्या: (२०८२/०८३)

**प्रेस विज्ञप्ती – ११**

प्रा.प.सं. :

**"ठगी तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत कसुर समेतमा प्रभु ग्रुपका सञ्चालक देवी प्रकाश भट्टचन पक्राउ"**

ठाकुर प्रसाद मानन्धर समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कुसुम लामा समेत भएको ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको कसूर मुद्दामा अनुसन्धानको क्रममा संकलित प्रमाणहरुको आधारमा लामो समयदेखि अनुसन्धानलाई नै प्रभावित गरी लुकिछिपी गरी बसेका पूर्व सभासद तथा प्रभु मनि ट्रान्सफर प्रा.लि.को अध्यक्ष (प्रभु ग्रुपका सञ्चालक) देवी प्रकाश भट्टचन समेतले रेमिट कारोबार गर्ने लाइसेन्स नेपाल राष्ट्र बैंक मार्फत् प्रभु मनि ट्रान्सफर प्रा.लि. ले प्राप्त गरी सो मार्फत् विदेशमा बसेका नेपालीहरुले नेपालका विकट गाउँहरुमा आफ्ना आफन्तलाई सहज रुपमा नजिकैको स्थान विशेषबाट छरिएका सहकारी मार्फत् विप्रेषण बापतको रकम भुक्तानी गराउनको लागि मिति २०६९/०९/०१ गते प्रभु म्यानेजमेन्ट प्रा.लि. र प्रभु मनि ट्रान्फर प्रा.लि. बीचको करार सम्झौता हुँदाका बखत दुवै कम्पनीका मुख्य सञ्चालक निज कसूरदार देवी प्रकाश भट्टचन रहेको, प्रभु म्यानेजमेन्ट प्रा.लि. लाई सुपर एजेण्टको रूपमा नियुक्त गरी उक्त प्रभु म्यानेजमेन्ट प्रा.लि. का तर्फबाट तत्कालिन प्रबन्ध निर्देशक कुसुम लामाले देशभरका विभिन्न सहकारी संस्थाहरू मार्फत् विप्रेषणको कारोबार गर्ने सम्झौता गरेकोमा नेपाल राष्ट्र बैङ्क विप्रेषण विनियमावली, २०७९ मिति २०७९/१०/१३ गते जारी भई प्रचलनमा आएको र उक्त विनियमावलीको बुँदा नं. ९ मा कम्पनीले भित्र्याउने (इनवार्ड रेमिट्यान्स) कार्य गरी आफैं वा आफूद्वारा नियुक्त सब–एजेण्ट वा सब–रिप्रेजेन्टेटिभ मार्फत सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी गर्नु पर्नेछ भन्ने व्यवस्थाको विपरीत कार्य जारी राखी प्रभु म्यानेजमेन्ट प्रा.लि. को सब–एजेण्टको रूपमा नियुक्त भएका देशभरका विभिन्न सहकारी संस्थाहरूले सम्बन्धित व्यक्ति (Beneficiary) लाई विप्रेषण बापतको रकम भुक्तानी गरेको तर प्रभु मनि ट्रान्फर प्रा.लि. का अध्यक्ष देवी प्रकाश भट्टचन समेतले रकम हिनामिना गरी प्रभु म्यानेजमेन्ट प्रा.लि. बाट सम्बन्धित सहकारी संस्थाहरूलाई उक्त रकम सोधभर्ना नगरेको भनी देशभरका ३ दर्जनभन्दा बढि सहकारी संस्थाबाट परेको उजुरी सम्बन्धमा अनुसन्धान भई निज देवि प्रकाश भट्टचनका नाउँमा सम्मानित काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी समेत जारी भएको हुँदा यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०८२।०७।११ गते ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. ३ टौकेलबाट वर्ष अ. ६२ का देवी प्रकाश भट्टचन (ना.प्र.नं.३१४, ललितपुर ) लाई कानुनबमोजिम पक्राउ गरी थप अनुसन्धान कार्य भइरहेको।

**प्रवक्ता**

शिव कुमार श्रेष्ठ

( प्रहरी वरिष्ठ उपरीक्षक )

सम्पर्क नम्बर: ९८५१२९१३११

Scanned with CamScanner